## प्रश्न नं. २७

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ३१७२ देखि ३२९३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

गीता घिमिरेको जाहेरीले नेपाल सरकार

विरुद्ध

जिल्ला नुवाकोट साविक थप्रेक गा.बि.स.वडा नं. ७ घर तारकेश्वर न.पा. वडा नं. ७ बस्ने कृष्णबहादुर लामा

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मेरा पति वलराम घिमिरे काठमाडौंमा जग्गा सम्बन्धी काम गरी हिड्नु हुन्थ्यो । मिति २०७६।०८।०३ का दिन डेरामा चिया खाई साथीकहाँ जान्छु भनी डेरावाट निस्कनु भएकोमा सो दिन बेलुका डेरामा फिर्नु भएन, बेलुका बालाजु नयाँ बसपार्कमा हिडीरहनु भएको कुरा बुझियो । मिति २०७६।०८।०४ का दिन मेरो डेरा अगाडि बस्ने दर्जीले तपाईको पति बिष्णुमती पुलदेखि उत्तर पट्टि खोलाको वगरमा मृत अवस्थामा हुनुहुन्छ भनी खवर दिएकोले हेर्न जाँदा पतिको शरीरमा निलडाम भै मृत अवस्थामा देखें । के कसले कर्तव्य गरी मारेका हुन अनुसन्धान गरी कारवाही गरिपाऊँ भन्ने समेत जाहेरी दरखास्त ।

२. का. जि. तारकेश्वर न.पा. वडा नं. ७ स्थित बिष्णुमतीको खोला वगरमा लास रहेको लास घिसारिएको जस्तो वालुवामा दाग देखिएको वालुवामा रगत लागी भिजेको निधारमा निलो दाग, दाहिने कन्चटमा दाम, नाकवाट रगत वगी सुकेको, मुखवाट रगत निस्कीएको सम्पूर्ण कपडामा रगत लागेको घाँटीमा वालुवा रगत लागेको भन्ने समेत भन्ने समेत घटनास्थल प्रकृति मुचुल्का तथा लास प्रकृति मुचुल्का ।

३. मिति २०७६।०८।०३ मा दिनभर काम भरी साँझ दिदीसँग सुत्न गएँ, दिदी आसामाया राती खोलामा वालुवा झिक्न जानु भयो, वालुवा झिकी फर्कदा वलराम घिमिरेसँग वादविवाद भएको सुनेर ब्युंझिए । कृष्णे मामा आई वालुवा भुईमा फाली मृतकलाई हिर्काए । निज मानिस भागेर कोठातर्फ आउँदा कृष्णे मामाले त्यसपछि पनि पिट्दै गरेकोमा निज लडी वावा मरे भनी चिच्चाए, कृष्णे मामाले मृतकको जिउ भरी बालुवा राखे भन्ने सरीता सुब्बाको घटना विवरण कागज ।

४. मिति २०७६।०८।०३ का राति १२/१ वजेतिर हल्ला सुनी के रहेछ भनी हेर्दा कृष्णले वलराम घिमिरेलाई हात खुट्टाले पिटिरहेको थियो, मैले नपिट भन्दा यस्तो मानिसलाई पिट्नै पर्छ, ल तिमी पनि यसको मुखमा पिसाव गर भने मैले मानेन । निजले वेहोस भएको मानिसको मुखमा पिसाव गरे भन्ने समेत बीरवल लिम्वुको घटना विवरण कागज ।

**प्रश्न नं. २७**

५. मिति २०७६।०८।०३ का दिन मेरो छोरीको न्वारन भएकोले मैले पहिलेदेखि चिनेका कृष्णबहादुर तामाङ्ग मेरो कोठामा आई एक प्लेट मासु र ४ गिलास रक्सी खाए, दिनभरीको कामले गर्दा मैले पनि रक्सी खाई सुतें । राती मलाई केहि थाहा भएन, भोलिपल्ट बिहान कृष्णले बलराम घिमिरेलाई कुटपिट गरी खोलामा फालेको छ भनी थाहा पाएँ भन्ने समेत कुमार सुव्वाको कागज ।

६. का.जि.तार्केश्वर न.पा. वडा नं. ७ स्थित खाली जग्गामा बालुवा थुपारी राखेको सो वालुवा थुपारेको ठाउँवाट सावेल, थुन्छे, नाम्लो समेत वरामद भएको भन्ने समेत वरामदी मुचुल्का ।

७. कृष्ण वहादुर तामाङ्ग पक्राउमा पर्दा निजले लगाएको ज्याकेटमा रगत जस्तो देखिने रातो दाग भएको ज्याकेट वरामद भएका हो भन्ने समेत वरामदी मुचुल्का ।

८ वरामद भई आएको सावेल, थुन्छे, नाम्लो राती बालुवा वोक्ने प्रयोग गरिएको मेरै सामान हुन । मिति २०७६।०८।०३ का राती रक्सी मासु खाएँ, राती १० बजेतिर सधैं जस्तै बिष्णुमती खोलामा बालुवा चोर्न जाने निधो गरी खोलामा गई बालुवा थुपार्ने वोक्ने काम गरे, राती अन्दाजी १ बलराम घिमिरेले वादविवाद गर्न खोजेकोले किन वादविवाद गरेको भनी सोध्दा निजले म वसपार्कवाट आएको पुलिस हुँ, वालुवा चोरी गर्न पाउँदैनौ भनी मैले वोकेको थुन्छे झारी दियो, मलाई रीस उठी निजको पेटमा मुखमा मुक्काले हान्दा हान्दै निज लड्यो । ढले पछि खुट्टामा समाती घिसारेर वालुवाको ढिस्कोमा लगी मुखमा छातीमा सावेलले वालुवा हाली पुरें, तहाँवाट पनि पुनः निजलाई फोहर फाल्ने ठाउँमा लगी फालेको हुँ, निजको मुखमा र जिउ भरी पिसाव गरी टाउकोको केश समाती यताउता पारी त्यही छोडी सो ठाउँवाट भागी हिडेको हुँ भन्ने समेत अभियुक्त कृष्णवहादुर लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

९. एक्स्पेसिया र कोमाको कारणवाट मृत्यू भएको हो, मृतकको शरीरमा कुटपीट गरिएका विभिन्न चोटपटक कारणबाट समेत मृत्यू भएको हो, श्वास प्रश्वास नलीमा वालुवा रहेको जुन वालुवा मृत्यु पूर्व निजलाई पुरिएको कारणवाट परेको हो भन्ने समेत पोष्टमार्टम रिपोर्ट ।

१०. मृतक वलरामलाई कृष्णवहादुर लामाले कुटपीट गरी विभिन्न शारिरीक यातना दिई कर्तव्य गरी मारेको प्रष्ट रुपमा देखिएको हुँदा प्रतिवादी कृष्णवहादुर लामालाई मुलुकी बमोजिम मुलुकी अपराध ( संहिता) ऐन, २०७४ को २०७४ को दफा १७७(१) को कसूर गरेकोले ऐ ऐ को दफा १७७(२) बमोजिम सजाय हुन माग दावी लिएको अभियोग पत्र ।

११. प्रतिवादीको अदालतमा बयान

११. जाहेरवाला लगायत घटना विवरण कागज गर्ने व्यक्तिहरुको बकपत्र

१२. शुरु काठमाण्डौं जिल्ला अदालतको फैसला

१३. उच्च अदालतमा पेश भएको पुनरावेदनपत्र ।